# यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको तेश्रो बार्षिक साधारण सभाको कामकारवाही सम्बन्धी निर्णय विवरण (माईन्युट)

## १. बैधानिक रुपमा सभाको संचालनः

यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक समितिको मिति २०७८।०१।१९ गते बसेको ५९ औं बैठकको निर्णयानुसार बोलाईएको तेश्रो बार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष श्री शुलभ अग्रवालज्यूको अध्यक्षतामा मिति २०७८।०२।११ गते मंगलबार (तद्अनुसार २५ मे २०२१) बिहान १०:०० बजे देखि १२:३० बजे सम्म देशभर फैलिएको कोभिड-१९ को विषम परिस्थितीको कारण स्वास्थ्य सुरक्षाको दृष्टिकोण भौतिक रुपमा उपस्थिती हुन कठिनाई भएको हुँदा अनलाइन (भर्चुअल) मार्फत बसी देहायका बिषयहरु उपर छलफल तथा निर्णय भयो ।

## २. सभाको सूचना प्रकाशनः

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको बार्षिक साधारण सभाको सूचना, अध्यक्षज्यूको मन्तव्य, आ.व.२०७५।७६ को लेखापरीक्षण सहितको बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै सभाको पहिलो सूचना मिति २०७८/०१/२१ गते आर्थिक अभियान राष्ट्रिय दैनिक र दोश्रो सूचना मिति २०७८/०२/०५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो ।

## ३. छलफलका बिषयहरुः

**(क) साधारण प्रस्ताव अन्तर्गतः**

१. संचालक समितिको आ.व. २०७५।७६ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आ.व. २०७५/७६ को लेखा परीक्षणको प्रतिवेदन, वासलात तथा नाफा/ नोक्सान हिसाब एवं नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचिहरु तथा नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वित्तिय विवरण माथि छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण उपसमितिको सिफारिस बमोजिम आ.व. २०७६/७७ को लागि बाह्य लेखा परीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ( कम्पनी ऐन बमोजिम वाहलवाला लेखापरीक्षक श्री एलएसपी एसोसिएट्स चाटर्ड एकाउन्टेण्टस् पूनः नियुक्तिको लागि योग्य हुनुहुन्छ) ।
४. स्वतन्त्र विज्ञ संचालकको नियुक्तिको अनुमोदन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव अन्तर्गतः**

कम्पनी ऐनको दफा १०५ को (१) (ग) बमोजिम आ.व. २०७५।७६ मा भएको खर्चको अनुमोदन गर्ने सम्बन्धमा ।

(ग) विविधः

४. साधारण सभामा उपस्थितीः

| | | |
|---|---|---|
| ४.१ | **संचालक समितिका पदाधिकारीहरु** | |
| १. | श्री शुलभ अग्रवाल | अध्यक्ष |
| २. | श्री संदिप कुमार अग्रवाल | संचालक |
| ३. | श्री जीवन कुमार अग्रवाल | संचालक |
| ४. | श्री देवी प्रसाद शर्मा | स्वतन्त्र विज्ञ संचालक |

४.२ अन्य पदाधिकारीहरुको उपस्थितीः

| | | |
|---|---|---|
| १. | श्री मनोज कुमार लाल कर्ण | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री कपिल कुमार दाहाल | उप प्रमुख कार्यकारी अधिकृत |
| ४. | श्री ईश्वर कुमार सेडाई | कम्पनी सचिव |

४.३ शेयरधनीहरुको उपस्थितीः

| | | | |
|---|---|---|---|
| १. | स्वयं उपस्थित हुने शेयरधनीहरुको संख्या | : | १० |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या | : | २ |
| ३ | जम्मा उपस्थित संख्या | : | १२ |
| ४ | उपस्थित शेयर संख्याको जम्मा प्रतिशत | : | ८६.०५ |

५. सभाको बैधानिकताः

कम्पनी ऐन तथा कम्पनीको नियमावली बमोजिम सभा बोलाईएको, कम्पनी ऐनको दफा ७३ को उपदफा (२) बमोजिम साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरि कम्तीमा ३ जना शेयरधनीको उपस्थिती हुनु पर्ने व्यवस्था भए अनुसार कम्पनीको तेश्रो बार्षिक साधारण सभामा १० जना संस्थापक शेयरधनीहरु स्वयं उपस्थित हुनु भएको र प्रोक्सी मार्फत २ जनाको गरी कुल शेयर संख्याको ८६.०५ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कानुन अनुसार तेश्रो बार्षिक साधारण सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

६. बार्षिक साधारणसभाको प्रस्तुतीः

सभाका अध्यक्षज्यूले उपस्थित सवै संस्थापक शेयरधनी महानुभावहरुलाई पूर्व निर्धारित छलफलको बिषय सूचिमा उल्लेख गरिएका बिषयहरुका बारेमा जानकारी गराउदै आ.व.२०७५।७६ को संचालक समितिको प्रतिवेदन सभा समक्ष पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो । त्यस्तै सभा समक्ष आ.व.२०७५।७६ को लेखापरीक्षणको प्रतिवेदन, वासलात, नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण र तत्सम्बन्धी अनुसूचिहरु तथा नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वित्तिय विवरण छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।